# बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड:५ वर्षः २०७८ संख्या: ३ मितिः२०७८।०८।१६ गते

## भाग-२

## पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि २०७७

प्रस्तावना

मातृ मृत्यू दर उच्च गराउने तीन ढिलाई मध्येको प्रमुख यातायातको साधन समयमै उपलब्ध नहुनु अर्थात आर्थिक समस्याको कारणले यातायातको व्यवस्था गर्न नसकी स्वास्थ्य संस्थामा प्रसुति नभई घरमै जोखिमपूर्ण प्रसुति हुने बाध्यतालाई अन्त्य गर्न, नगर भित्रका महिलाहरुलाई समयमा प्रसुति स्याहार उपलब्ध गराई सम्भावित मातृ

मृत्यूको जोखिम कम गरि संस्थागत सुरक्षित प्रसुति सेवालाई प्रोत्साहन गर्न आवश्यक देखिन्छ ।

बाणगङ्गा नगरपालिकाको छैठौँ नगरसभाबाट स्वीकृत "स्वास्थ्य सुदृढीकरण कार्यक्रम २०७६" अन्तर्गतको मुल कार्यक्रम "उपमेयरको कुशल नेतृत्व, गर्भ संस्कार र सुरक्षित मातृत्व" कार्यान्वयनको लागि आ.व.०७७/०७८ को लागि नगरसभाबाटपूर्ण संस्थागत सुत्केरी सेवा (No Home Delivery) प्रोत्साहन र घोषणा गर्नका लागि नगरभित्रका सुचिकृत सरकारी प्रसुति केन्द्र (Birthing Center) मा "प्रसुति हुने नगर भित्रका महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन" कार्यक्रम स्वीकृत भएकोले प्रसुतिका बखत एम्बुलेन्सबाट स्वास्थ्य संस्था/अस्पताल सम्म जाँदा लाग्ने एकतर्फी यातायात खर्च नगरले उपलब्ध गराउने उद्देश्यले प्रक्रियागत व्यवस्था गर्न वान्छनिय देखिएकोले बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको मिति ०७७।०४।३२ को बैठकबाट स्वीकृत गरि यो कार्यविधी जारी गरिएको छ ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम, प्रारम्भ

१.१ संक्षिप्त नाम : "पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery)प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७७ (संशोधन २०७८)"

१.२ प्रारम्भ : बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि यो कार्यविधी लागू हुनेछ ।

### २. परिभाषा

२.१ "पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery)" भन्नाले बाणगङ्गा नगरपालिका क्षेत्र भित्र प्रसुति हुने महिलाहरुले घरमा नवजात शिशुको जन्म नगराई नेपाल सरकारबाट स्वीकृत प्राप्त प्रसुति केन्द्र (Birthing Centre) स्वास्थ्य संस्था तथा अस्पतालबाट प्रसुति गराउने कार्यलाई जनाउने छ ।

२.२ "कार्यपालिका" भन्नाले बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकालाई जनाउने छ ।

२.३ प्रसुति केन्द्र (Birthing Centre) भन्नाले बाणगङ्गा नगरपालिका भित्रका मान्यता प्राप्तसरकारी स्वास्थ्य चौकी र अस्पताललाई जनाउने छ।

२.३ को स्पष्टिकरण : यसमा जुनसुकै कुरा लेखिएको भएता पनि २.३ वमोजिमका स्वास्थ्य संस्थाहरुमा प्रसुति हुन नसकी वुटवल स्थित प्रसुति केन्द्रमा रिफर गरेमा सो प्रसुति केन्द्र वा अस्पताल समेतलाई जनाउने छ ।

२.४ एम्बुलेन्स भन्नाले बाणगङ्गा नगरपालिका भित्रका यस कार्यक्रमसंग सेवा संझौता गरेका एम्बुलेन्सलाई जनाउने छ ।

## परिच्छेद–२

३. पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालनकार्यक्रमको भुक्तानी प्रक्रिया, व्यवस्थापन र मापदण्ड

३.१ यो सुविधा बाणगङ्गा नगरपालिका क्षेत्र भित्र बसोवास गरेका महिलाहरुले प्रसुति हुँदाका वखत मात्र प्राप्त गर्नेछन् ।

३.२ यो कार्यबिधी अनुसारको सुबिधा कार्यविधी स्वीकृतरसंसोधन भएको मिति देखि चालु आ।व। को अन्त्यसम्म लागु हुनेछ। कार्यक्रमको आवश्यकता र प्रभावकारिताको आधारमा कार्यविधी संसोधन गर्ने, दररेट समायोजन गर्ने, बजेट व्यवस्था गर्ने र आगामी आ.व. को लागि निरन्तरता दिने नदिने कार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ ।

३.३ बाणगंगा नगरपालिकाका प्रसुति हुने महिलालाई निजको घरबाट नगर भित्र कै तोकिएका प्रसुति केन्द्रमा पुर्याए बापत एम्बुलेन्स संचालकरचालकले अनुसुची २ बमोजिमको भुक्तानी रसिद सेवाग्राहीलाई दिई बा।न।पा। संगको संझौता दर रेट अनुसारको रकम लिन सक्नेछन्। सेवाग्राहीले उक्त भुक्तानी रसिद र जन्म प्रमाण पत्र पेश गरि सम्बन्धित प्रसुती केन्द्रबाट उक्त रकम नगदै प्राप्त गर्नेछन्।

३.४ थप स्वास्थ्य जटिलताका कारण बा।न।पा। अन्तर्गतका प्रसुती केन्द्रहरुमा प्रसुती हुन नसकी बुटवल स्थित प्रसुती केन्द्र जाँदा लाग्ने थप एम्बुलेन्स खर्च प्राप्त गर्न सेवाग्राहीले एम्बुलेन्स संचालक अनुसुची २ बमोजिमको नगदी रसिद जन्म दर्ता प्रमाण प्रसुती भएको अस्पतालबाट प्रमाणीत गराई प्रेषण भई गएको स्थानिय प्रसुती केन्द्रबाट भुक्तानी लिन सक्नेछन्।

३.५ एम्बुलेन्स चालकले सुत्केरी हुने महिलालाई सम्बन्धित स्वास्थ्य संस्था अस्पतालमा पुर्याई अनुसुची २ बमोजिमको भुक्तानी रसिदको एक प्रति सुरक्षित राखि अभिलेख राख्नु पर्नेछ।

३.६ प्रसुती केन्द्रहरुले अनुसुची २ अनुसार एम्बुलेन्स सेवा लिएका प्रसुती हुने महिलाहरुको अनुसुची ३ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

३.७ यस कार्यबिधीमा तोकिएका नगर भित्रका प्रसुती केन्द्रहरुले सेवाग्राहीबाट अनुसुची २ बमोजिमको नगदी रसिद जन्म दर्ताको प्रतिलिपी लिई निजहरुलाई तोकिए अनुसारको रकम नगदै भुक्तानी गर्नु पर्नेछ।

३.८ सुत्केरी हुने महिलालाई सम्बन्धित Birthing Centre सम्म पुर्याउन एम्बुलेन्स चालकको पहिलो प्राथमिकता र कर्तव्य हुनेछ ।

३.९ एम्बुलेन्स सेवा पुर्याए बापत एम्बुलेन्स सेवा प्रदायकले अनुसुची ४ अनुसारको रकम सेवाग्राहीबाट भुक्तानी लिन सक्नेछन् र सेवाग्राही महिलाले उक्त रकम प्रसुती हुने स्थानिय प्रसुती केन्द्रबाट अनुसुची २ र जन्म प्रमाण पत्र र मृत शिशु जन्म ( Still Birth) भएको अवस्थामा अस्पतालले जारी गरेको विवरण खुलेको कागजातका आधारमा नगदै प्राप्त गर्नेछन्।

३.१० नगरभित्रका सुचिकृत प्रसुती केन्द्रहरुले बुँदा नं। ३।९ को आधारमा एम्बुलेन्स सेवा लिएका प्रसुती हुने महिलाहरुलाई भुक्तानी गर्ने रकम बाणगंगा नगरपालिकाबाट पेश्की स्वरुप प्राप्त गर्नेछन्।

३.११ कार्यबिधिमा तोकिएका स्थानिय प्रसुती केन्द्रहरुले अनुसुची २, अनुसुची ३, जन्म प्रमाण पत्र प्रतिलिपी संलग्न गरि बाणगंगा नगरपालिकामा निवेदन दिई पेश्की फर्यौट गर्नुपर्नेछ।

३.१२ एम्बुलेन्स मौजुदा रहेको अवस्थामा पनि प्रसुति हुने महिलालाई Birthing Centre सम्म पुर्याउन बाहानावाजी गर्ने, झुटा विवरण पेस गरि भुक्तानी माग गरेको पाईएमा एम्बुलेन्स संचालकरचालक तथा सम्बन्धित बर्थिङ्ग सेन्टरका स्वास्थ्यकर्मीलाई नगरपालिकाले प्रचालित कानुन बमोजिम कारवाही गर्नेछ ।

३.१३ सेवाग्राही प्रसुती हुने महिलाहरुलाई छिटो छरितो सेवा प्रवाह गर्नु प्रसुती केन्द्रका स्वास्थ्यकर्मीको प्राथमिक कर्तव्य हुनेछ।

३.१४ बाणगङ्गा नगरपालिकाले नगर भित्र थप प्रसुति केन्द्रहरु संचालनमा ल्याएमा एम्बुलेन्स सेवा सम्बन्धि व्यवस्था कार्यपालिका वैठकले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३

४. कार्यक्रमको खर्च

४.१ बाणगङ्गा नगरपालिकाले "पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery)प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन" कार्यान्वयन र दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

४.२ यस कार्यक्रममा थप आर्थिक सहयोग/अनुदान उपलब्ध गराउन चाहने संघ संस्था दातृ निकाय भएमा नगरपालिकाको निर्णय अनुसार छुट्टै Mutual Fund को व्यवस्था गरिनेछ ।

४.३ यस कार्यक्रमको बाणगङ्गा नगरपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

४.४ नेपाल सरकारको सुरक्षित मातृत्व कार्यक्रम र वाल मैत्री स्थानीय शासन कार्यक्रमलाई सहयोग पुग्ने गरि सो संग नवाझिने गरि कार्यान्वयन गरिनेछ र वाझिएको हक सम्म समायोजन गरिनेछ ।

अनुसुची–१

"पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन"

**सेवा करार सम्झौता**

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय (पहिलो पक्ष मानिने) र एम्बुलेन्स संचालक संस्था ......... ...................................(दोस्रो पक्ष मानिने) का विच बाणगङ्गा नगर भित्रका महिलाहरुलाई सुत्केरी हुँदाका वखत नगरपालिका भित्रका तोकिएका प्रसुति केन्द्रहरुमा पुर्याउने र सो कार्य संचालनका लागि देहायका शर्तको अधिनमा रही दोस्रो पक्षले सेवा उपलब्ध गराउन मन्जुर भएकोले पहिलो पक्ष संग यो करार सम्झौता गरि एक/एक प्रति आपसमा बुझि लियौँ दियौँ ।

कार्य/शर्त तथा अवस्थाहरु (Terms and Conditions)

१. यो सम्झौता सेवा करार सम्झौता भएको मिति देखि ....................... आ.व.को असार मसान्त सम्म कायम रहने छ ।

२. यो सम्झौता पश्चात दोस्रो पक्षले बाणगङ्गा नगरपालिका भित्र बसोबास गर्ने महिलाहरुलाई सुत्केरी हुँदाका वखत नगर भित्रका सरकारी प्रसुति केन्द्र सम्म पुर्याउनु पर्ने छ ।

३. दोस्रो पक्षले एम्बुलेन्स लाभग्राही महिलाहरुलाई प्रसुति केन्द्र सम्म पुर्याई सकेपछि स्वीकृत अनुसुची ४ अनुसारको दर-रेट र तोकिएको अनुसुची २ अनुसार सेवाग्राहीबाट नगद भुक्तानी लिन सक्नेछन् ।

४. स्वीकृत दर-रेट भन्दा बढी सेवा ग्राहीबाट रकम असुल गरेको पाईएमा एम्बुलेन्स संचालकरचालकलाई नगरपालिकाले प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

५. हामी दुवै पक्ष बाणगङ्गा नगरपालिकाले मिति ०७७।०४।३२ गते स्वीकृत २०७८।०८।१५ मा संसोधन सहित "पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि २०७७" लाई स्वीकार गरि कार्यान्वयन गर्न प्रतिवद्ध छौँ ।

६. सुत्केरी हुने महिलालाई तोकिएको प्रसुति केन्द्र सम्म पुर्याउनु एम्बुलेन्स संचालकको पहिलो प्राथमिक कर्तव्य हुनेछ ।

७. यो सम्झौता दोस्रो पक्षले समयावधी समाप्त नहुँदै भंग गर्न सक्ने छैन तर एम्बुलेन्सको प्राविधिक गडवडीका कारणलेमर्मत सम्भार गर्दा सेवा दिन नसक्ने गरी हल्टेज हुन गएमा कार्यालयलाई सो को जानकारी गराउनु पर्नेछ ।

८. एम्बुलेन्स सेवा प्रदायक संस्था वा चालकको कार्य सन्तोष जनक नभएमा पहिलो पक्षले जुन सुकै वेला सम्झौता रद्द गर्न सक्नेछ ।

९. सम्झौता अवधि भित्र पहिलो पक्ष (बाणगङ्गा नगरपालिका) ले नगर भित्र थप प्रसुति केन्द्रहरु संचालनमा ल्याएमा एम्बुलेन्स सेवा सम्बन्धि थप निर्णय कार्यपालिका वैठकले निर्णय गरे बमोजिम हुनेछ ।

१०. यस सेवा करार सम्झौता उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

११. कार्यालयको छाप र आधिकार प्राप्त व्यक्तिको दस्तखत सहित अनुसुची २ अनुसारको पूर्ण विवरण भरीएको भुक्तानी रसिद मात्र मान्य हुने छ ।

**पहिलो पक्ष**
बाणगङ्गा नगर कार्यपालिकाको तर्फबाट
हस्ताक्षर :
नाम : बासुदेव खनाल
पद : प्रमुख प्रशासकिय अधिकृत

**दोस्रो पक्ष**
हस्ताक्षर :
नाम,थर :
पद :
एम्बुलेन्स नं.–
चालकको नामथर
चालकको दस्तखतः
एम्बुलेन्स संचालक संस्था–

**रोहवर**

१. ....................................... लेखा अधिकृत, बाणगङ्गा न.पा.
२. ...................................... शा. अ., बाणगङ्गा न.पा.
३. ......................................अधिकृत, स्वा.शाखा, बाणगङ्गा न.पा.
४. ..........................................................................................................................

**अनुसुची–२**

एम्बुलेन्स लाभग्राही महिलाको विवरण (एम्बुलेन्स प्रति)

१. लाभग्राही महिलाको नाम, थर : उमेर :
३. लाभग्राही महिलाको ठेगाना : बाणगङ्गा नगरपालिका, वार्ड नं ..................... गाउँटोल .....................
४. सेवा प्राप्त गरेको मिति ................................ समय : ...............................................
५. पहुँच (प्रसुती केन्द्रको नाम) ...........................................................
६. लिएको रकम रु. ............................................... अक्षरुपी ..........................................
७. रकम बुझाउनेको सहीः ...........................................मोबाईल नंबरः ................................

अनुसुची २

सेवाग्राही प्रती

बाणगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

स्वास्थ्य शाखा

पूर्ण संस्थागत प्रसुती सेवा प्रोत्साहन कार्यक्रम

एम्बुलेन्स सेवा लाभग्राही भुक्तानी रसिद

कपिलवस्तु जिल्ला, बाणगंगा नगरपालिका, वडा नं ............ टोल ............................बस्ने वर्ष .............. को प्रसुती हुने महिला श्री ................................................. लाई ..................................... बाट .................................प्रसुती केन्द्र सम्म पुर्याए बापत नियमानुसारको सेवा शुल्क रु.......................... अक्षरुपी .................................... मात्र तपाई सेवाग्राही (अभिभावक) श्री ................................. ...............बाट बुझिलिएँ । मिति २०७८/ / गते ।

बुझाउनेको दस्तखतः ...................................

मोबाईल नं.................................................

यो भूक्तानी रसिद र जन्म प्रमाणपत्र संलग्न गरी सम्बन्धित प्रसुती केन्द्रबाट नगदै भुक्तानी लिनुहोला ।

रकम बुझ्ने एम्बुलेन्स चालकको

दस्तखतः ..........................

नाम/थरः ..........................

एम्बुलेन्स नं. ......................

संस्थाः ............................

| प्रस्थान | पहुँच (प्रसुति केन्द्र) | दर |
|---|---|---|
| बाणगङ्गा वार्ड नं १, २<br>बाणगङ्गा वार्ड नं ३, ४, ५, ६,७, ८,९,१०,११ | पिपरा अस्पताल<br>पिपरा अस्पताल | ७००/-<br>१०००/- |
| बाणगङ्गा वार्ड नं ११<br>बाणगङ्गा वार्ड नं १, २, ३, ४, ५, ६, ७, ८, ९, १० | हथौसा स्वास्थ्य चौकी<br>हथौसा स्वास्थ्य चौकी | ७००/-<br>१०००/- |
| बाणगङ्गा वार्ड नं ५, ६<br>बाणगङ्गा वार्ड नं१, २, ३,४,७, ८, ९, १०, ११ | कोपवा स्वास्थ्य चौकी<br>कोपवा स्वास्थ्य चौकी | ७००/-<br>१०००/- |
| प्रसुति केन्द्रबाट (पिपरा अस्पताल, हथौसा र कोपवा स्वास्थ्य चौकी) बाट प्रेषण भई जाँदा | बुटवल स्थित प्रसुति केन्द्र सम्म | २०००।– |

अनुसुची–३

वाणगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

..............................................स्वास्थ्य चौकि/अस्पताल

एम्बुलेन्स सेवा लाभग्राहि महिला अभिलेख तथा भुक्तानी

| क्र. सं | मिति | दर्ता नं. | प्रसुती हुने महिलाको नाम/थर | ठेगाना | प्रसुती मिति र समय | सेवा लिएको संस्था | एम्बुलेन्स नं. | भुक्तानी रकम रु. | लाभग्राहीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची–४

स्वीकृत दररेट

(आ.व.०७८।०७९ को लागि)

"पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन"

तपसिल

| प्रस्थान | पहुँच (प्रसुति केन्द्र) | दर |
|---|---|---|
| बाणगङ्गावार्ड नं १, २<br>बाणगङ्गावार्ड नं ३, ४, ५, ६,७, ८,९,१०,११ | पिपरा अस्पताल | ७००।–<br>१०००।– |
| बाणगङ्गावार्ड नं ११<br>बाणगङ्गावार्ड नं १, २, ३, ४, ५, ६, ७, ८, ९, १० | हथौसा स्वास्थ्य चौकी<br>हथौसा स्वास्थ्य चौकी | ७००।–<br>१०००।– |
| बाणगङ्गा वार्ड नं ५, ६<br>बाणगङ्गावार्ड नं१, २, ३,४,७, ८, ९, १०, ११ | कोपवा स्वास्थ्य चौकी<br>कोपवा स्वास्थ्य चौकी | ७००।–<br>१०००।– |
| प्रसुति केन्द्रबाट (पिपरा अस्पताल, हथौसा र कोपवा स्वास्थ्य चौकी) बाट प्रेषण भई जाँदा | बुटवल स्थित प्रसुति केन्द्र सम्म | २०००।– |

आज्ञाले,

वासुदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत